# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ कार्यपालिकाबाट पारित मितिः २०८०।०१।१४

प्रमाणिकरणः२०८०।०१।२१

प्रकाशन मितिः २०८०।०१।२२

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तर-सरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति दिलाउन, स्थानीय तहलाई जनताको विश्वासिलो शासन इकाईका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानूनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरूको न्यायोचित वितरण र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारी तथा योग्यताक्रमबाट छानिएका कर्मचारीहरुको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित र नमूनायोग्य तुल्याउनका लागि ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो आचारसंहिता स्वीकृत गरी लागू गरिएको छ।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम "**ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०**" रहेको छ।

(२) यो आचारसंहिता नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामाः-

(क) "**प्रमुख**" भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ।

(ख) "**आचारसंहिता**" भन्नाले "**ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०**" लाई सम्झनुपर्दछ।

(ग) "**अनुगमन समिति**" भन्नाले यस आचारसंहिता अनुसार गठित आचारसंहिता अनुगमन समितिलाई सम्झनपुर्दछ।

(घ) "**कार्यपालिका**" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "**सभा**" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(च) "**जनप्रतिनिधि**" भन्नाले ठाकुरबाबा नगरपालिकाका सम्पूर्ण नगर सभा सदस्यहरुलाई सम्झनु पर्दछ।

(छ) "**कर्मचारी**" भन्नाले ठाकुरबाबा नगरपालिकामा कार्यरत स्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) "**पदाधिकारी**" भन्नाले ठाकुरबाबा नगरपालिका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## जनप्रतिनिधि तथा कर्मचारीका आचारहरु

३. **सामान्य आचारहरुको पालना गर्नेः** जनप्रतिनिधि तथा कर्मचारीले पालन तथा अवलम्बन गर्नुपर्ने सामान्य आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन्। जसको अवलम्बन गर्न जनप्रतिनिधि तथा कर्मचारी प्रतिबद्ध रहनुपर्छ।

**(१) नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताप्रति प्रतिबद्ध रहदैः**

(क) नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकुल हुने कार्य गर्न वा गराउन हुँदैन।

(ख) राष्ट्रविरुद्ध हुने कार्यमा सघाउ पुर्याउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुर्याउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुर्याउने कार्य गर्न वा गराउन हुँदैन।

(ग) पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यान दिनुपर्नेछ।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०

(घ) कुनै व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुर्याउने गरी कार्य गरेमा त्यस्तो कार्यलाई निरुत्साहित गर्नुपर्नेछ।

**(२) सङ्घ, प्रदेश र स्थानीय तहबीचको सुसम्बन्धमा जोड दिँदैः**

(क) सङ्घ, प्रदेश र स्थानीय तहबीचको सुसम्बन्ध, अधिकार क्षेत्र, कार्य प्रणाली वा संस्थागत प्रबन्धमा कुनै आँच पुर्याउन वा दखखल दिन वा अन्तरसरकार सम्बन्धमा खलल पार्ने कुनै क्रियाकलाप गर्न वा वक्तव्य दिन, कुनै सामाग्री प्रकाशन गर्न वा प्रचारप्रसार गर्न वा गराउन हुँदैन।

(ख) कुनै पनि आधारमा स्थानीय तहका बासिन्दाहरुलाई भेदभाव गर्ने वा समान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट बञ्चित गर्न हुँदैन।

तर महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक लगायत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था गर्न प्रतिबद्ध रहनुपर्नेछ।

(ग) अन्तर स्थानीय तह तथा अन्तर सरकार वस्तु वा सेवाको निर्बाध आवागमनलाई कुनै बाधा गर्न वा भेदभाव गर्न हुँदैन।

(घ) खण्ड (क) (ख) र (ग) मा उल्लेखित कुराले स्थानीय तहको मानवीय र भौतिक विकासको पक्षमा जनमत सिर्जना गर्ने कार्य गर्न बाधा परेको मानिने छैन।

**(३) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, सङ्घ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रबर्द्धन गर्नः**

(क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, सङ्घ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसाथ गरिनेछ।

(ख) सङ्घीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिलाई अनादर गर्ने, जनताप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने, अवहेलना गर्ने, अन्तरसरकार सम्वन्ध एवं स्थानीय तहहरु र साझेदार सङ्घ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन।

तर यस कुराले उल्लेखित विषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न स्थानीय तहको विकास अवधारणा र सो अनुरुप धारणा राख्न रोक लगाएको मानिने छैन।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका आचारसंहिता, २०८०

**(४) साधन श्रोतको पूर्ण सदुपयोग गर्नः**

(क) कानून बमोजिम आफूले पाउने सेवा सुविधाबाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्नु वा गराउनु हुँदैन।

(ख) सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नु पर्नेछ।

**(५) आफ्नो जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न वा गराउनः**

(क) कानूनले तोके बमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानु हुँदैन।

(ख) प्रचलित कानूनमा तोकिएभन्दा बढी समयका लागि आफ्नो कार्य क्षेत्र छोड्नु पर्दा वा कार्य क्षेत्रभन्दा बाहिर जानुपर्ने भएमा कानूनले तोके बमोजिमका पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुँदैन।

**(६) गैरकानूनी आश्वासनलाई निरुत्साहित गर्नः**

(क) संविधान तथा प्रचलित कानूनले दिएको अधिकार क्षेत्रभन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिनु हुँदैन।

(ख) कानून बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकारक्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन।

(ग) आफ्ना लागि वा अरू कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरूपयोग गर्ने कार्य गर्नु वा गराउनु हुँदैन।

**(७) राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्न दृढ रहँदैः**

(क) वैचारिक आस्था वा राजनीतिक विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसँग भेदभावपूर्ण, "तेरो-मेरोको भावना" राखी कुनै कार्य गर्न वा गराउन हुँदैन।

(ख) आफू सम्वद्ध राजनीतिक दल वा सम्बद्ध कुनै निकाय वा सङ्घसंस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वयन गरिने छैन।

(ग) सभा तथा कार्यपालिकाको निर्णय विरुद्ध सभाका सदस्यहरुले मुद्दा दायर गर्ने, निर्णयविरुद्ध अनावश्यक प्रचारबाजी गर्ने जस्ता क्रियाकलाप गर्न पाईने छैन।

**(८) सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ सङ्कल्पित रहँदैः**

(क) सामाजिक सद्भाव तथा सौहार्दता खलल पार्न हुँदैन। विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायबीच सामाजिक सद्भाव र सौहार्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन। कुनै सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्न वा गराउन र प्रचारप्रसार गर्न वा गराउन हुँदैन।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता २०८०

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन। कुनै विचार व्यक्त गर्दा जातिय, धार्मिक, सांस्कृतिक वा सामाजिक विद्वेष वा धार्मिक भेदभाव जनाउने खालका काम/कुरा गर्न वा उखान टुक्का प्रयोग गर्न वा कुनै जाति, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्द/वाणीहरुको प्रयोग गर्नु हुँदैन।

(ग) कुनै जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा कसैलाई भेदभाव गर्न हुँदैन। सबै समुदायका कानूनी हकहित र मौलिक संस्कृतिप्रति बोली र व्यवहार दुवै तवरबाट प्रतिकूल असर पर्ने कार्य गर्नु गराउनु हुँदैन।

(घ) कुनै पनि समुदायको परम्परादेखिको धर्म अवलम्बन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नु पर्नेछ। तर आफ्नो क्षेत्रभित्र करकापमा कसैको धर्म परिवर्तन गर्ने/गराउने कुनै पनि क्रियाकलाप हुन दिनु हुँदैन।

(ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबीचको सद्भाव बिगार्ने वा त्यसो गर्न कसैलाई भड्काउने काम गरेको वा गर्न लागेको जानकारी पाएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नु पर्नेछ।

**(९) जनप्रतिनिधि तथा कर्मचारीबीच कार्य जिम्मेवारीको न्यायोचित बाँडफाँट गर्नः** जनप्रतिनिधि तथा कर्मचारीबीच जिम्मेवारी, अधिकार, सुविधा वा दायित्त्वको बाँडफाँट गर्दा राजनीतिक दलसँगको सम्बद्धता वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्न हुँदैन। तर कानून बमोजिम विशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन।

**(१०) कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिनः**

(क) जनप्रतिनिधि तथा कर्मचारीले सबैसँग शिष्ट र मर्यादित वाणी तथा शब्दको प्रयोग गर्नुपर्नेछ। शालिन तथा स्वभाविक सामाजिक आचारहरु गर्नुपर्नेछ र जनता/सेवाग्राहीसँग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ।

(ख) जनप्रतिनिधि तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले एक अर्काप्रति झुठा लाञ्छना लगाउने, रिस, राग, द्वेष राख्ने तथा एक अर्काको विषयमा अप्रासङ्गिक टिकाटिप्पणी गर्न वा अतिशयोक्तिपूर्ण अभिव्यक्ति दिनु हुँदैन।

(ग) संस्थागत रुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु वा कुनै पदाधिकारी वा कर्मचारीलाई होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिन वा दिन लगाउनु हुँदैन।

(घ) जनप्रतिनिधि तथा कर्मचारीबीच एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नु पर्नेछ।

(ङ) जनप्रतिनिधि तथा कर्मचारीले एकअर्काको व्यक्तिगतरु पमा टिकाटिप्पणी गर्नु हुँदैन। तर पदाधिकारीको कामसँग सम्बन्धित वषयमा स्वस्थ रुपमा एक अर्काका कमीकमजोरी तथा सबल पक्षहरुलाई औंल्याउन कुनै बाधा पर्ने छैन।

ठाकुरबाबा नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरूको आचारसंहिता, २०८०

(च) जनप्रतिनिधि तथा कर्मचारीले एक अर्काका विषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, स्वस्थ/रचनात्मक आलोचना तथा टिप्पणीहरु राख्नु पर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नु पर्नेछ।

**(११) सामाजिक मान्यता विरुद्धका आचारहरु निरुत्साहित गर्दैः**

(क) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक वा लागूपदार्थको सेवन गर्नु हुँदैन। कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, सार्वजनिक स्थान आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सूर्ती, गुट्का वा पान सेवन गर्नु हुँदैन।

(ख) अन्धविश्वास, अपसंस्कृति, रुढीवादजस्ता पुरातन एवम् अवैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रक्रियामा सक्रिय सहभागिता जनाउनु पर्दछ।

(ग) सार्वजनिक स्थल तथा खुला ठाऊँमा जुवातास खेल्ने, बाजी लगाउने आदि जस्ता व्यवहारहरु गर्नु हुँदैन।

(घ) कानूनतः मानव अधिकारको हनन ठहरिने, कानूनले बन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरीतका भनी तोकेका समुदायमा प्रचलित कुरीतिहरुले बढावा पाउने व्यवहार गर्नु हुँदैन।

(ङ) विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु (जस्तैः विवाह, व्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज आदि) मा समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडकभडक गर्नु हुँदैन र तडकभडक गर्न अरुलाई प्रोत्साहन गर्नु हुँदैन।

(च) कुनै निर्णय गर्दा राजनीतिक, सामाजिक, आर्थिक वा कुनै पनि आधारमा भेदभावपूर्ण तवरले तेरो मेरो भन्ने पक्ष नलिई तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ।

(छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गीय हकहितका विषयहरुमा नकारात्मक टिप्पणी गर्न हुँदैन।

(ज) आफ्नो क्षेत्रभित्र विद्यमान सामाजिक कुरीति तथा कुसंस्कारका रुपमा रहेका बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छाउपडी, बोक्साबोक्सी, दहेज/दाइजो, छुवाछुत, जातिगत उच-नीचता, व्यक्तिगत घटना दर्ता नगर्ने प्रवृत्ति, खोप नलगाउने अवस्था, खुला दिसा आदिजस्ता प्रथा प्रचलनलाई निर्मूल गर्न लागि पर्नु पर्नेछ।

**(१२) स्थानीय तहबाट प्रदान गर्ने सेवा, सुविधा, निर्णय प्रक्रिया र सूचनामा जनताको पहुँच बढाउनः**

(क) नागरिकसँग सरोकार हुने सेवा सुविधा र निर्णयबारे सूचना माग भएमा उपलब्ध गराउनु पर्नेछ। तर प्रचलित कानून तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोवारमा लाभ वा हानी पुग्ने वा कसैको सम्पत्ति वा जीऊज्यानमा हानीनोक्सानी पुग्ने सूचनाहरु र गोप्य राख्नुपर्ने कुरा प्रशारण गर्न वा सार्वजनिक गर्न/गराउन वा उपलब्ध गराउन हुँदैन।

(ख) शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता, समुदायहरुको सौहार्द सम्बन्धमा खलल पर्ने खाले सूचनाहरु सार्वजनिक गर्न वा गराउन हुँदैन।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०

(१३) **बदनियत तथा अनधिकृत काम गर्न/गराउनबाट रोक्नः** प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा बदनियत वा स्वेच्छाचारी रुपमा गर्न वा गराउन हुँदैन। यस्तो अधिकारको प्रयोग खुला एवं सहभागितामूलक रुपमा छलफल गरी गर्नु पर्नेछ।

(१४) **लैङ्गिक समानताको प्रबर्द्धन गर्दैः**

(क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्कने कुनै कार्य गर्नु हुँदैन। लिङ्गको आधारमा कसैको क्षमतामाथि आँच आउने गरी कुनै कामकाज गर्न, नीति, कानून वा संरचना बनाइने छैन।

(ख) फरक लिङ्गका जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही तथा आम नागरिकप्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोबल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमबाट कुनै यौनजन्य दुराशय हुने खालका कुनै कामकार्बाही गर्न गराउन वा यौनजन्य अश्लिल तस्बिरहरु प्रकाशित गर्ने, प्रदर्शन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्न/गराउन हुँदैन।

(ग) लेखेर, बोलेर, भाषण गरेर वा जनुसुकै माध्यमबाट पनि लैङ्गिक भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखान टुक्का, थेगो वा शब्दहरुको प्रयोग गर्न/गराउन हुँदैन।

(घ) लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई लुकाउने, गोप्य राख्ने वा त्यसो गर्न सहयोग पुर्याउने कार्य गर्न/गराउन हुँदैन।

(१५) **बालबालिकाको सर्वाङ्गिण विकास र हक हितप्रति सचेत रहँदैः**

(क) बालबालिकाको सार्थक सरोकारका विषय तथा स्थानीय विकास र शासन प्रक्रियामा बालबालिकाको सार्थक सहभागितालाई होच्याउने वा अवमूल्यन गर्ने विचार, अभिव्यक्ति दिन वा त्यस्तो व्यवहार गर्न वा गराउन हुँदैन।

(ख) आफ्नो परिवारमा बालश्रमिक राख्नु हुँदैन। समुदायमा बालश्रम वा बालशोषणलाई संरक्षण वा प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न वा गराउन पाइने छैन।

४. **सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्बन्धी आचारहरुः** सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्बन्धमा देहायका आचारहरु पालन गर्न प्रतिबद्ध रहनुपर्दछः

(१) जनप्रतिनिधि तथा कर्मचारीको सुविधाका लागि छुट्याइएको सेवा, सुविधा वा भत्ता आफ्नो आन्तरिक श्रोतको कति अंश हुन आउँछ भन्ने एकीन गरी किफायती रुपमा न्यूनतम सुविधाको व्यवस्था गर्नुपर्नेछ।

(२) स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पतिको प्रयोग गरेबापत जनप्रतिनिधि, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने कर, शुल्क, सेवा शुल्क, दस्तुर, भाडा बुझाउनबाट छुट लिने वा दिने गरी निर्णय गर्न वा गराउन हुँदैन।

(३) जनप्रतिनिधिहरुले आफूले प्राप्त गर्ने सुविधाहरुको विवरण आम नागरिकको जानकारीका लागि स्थानीय तहमार्फत सार्वजनिक गर्नुपर्नेछ।

**५. नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गनुपर्ने आचारहरुः** नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा देहायका आचारहरुको पालन गर्न वा गराउन देहाय बमोजिम गरिनेछः-

**(१) निर्णय प्रक्रियामा भाग लिनुपूर्व बैठकमा जानकारी दिनुपर्नेः**

(क) जनप्रतिनिधि वा कर्मचारीले आफू समेत संलग्न भई कुनै निर्णय गर्नुपर्ने बैठकको छलफलमा भाग लिनुपूर्व देहाय बमोजिमका अवस्थामा आफूसँग सम्बन्धित भए सोको जानकारी दिनुपर्नेछः

(i) स्थानीय तहको भर्ना प्रक्रिया, खरिद, बिक्री वा ठेक्कापट्टाको निर्णय प्रक्रिया,

(ii) कुनै किसिमको दण्ड, जरीवाना वा मिनाहा गर्ने निर्णय प्रक्रिया,

(iii) कुनै पक्षसँगको सम्झौताको म्याद थप वा खारेजीको विषयमा वा त्यस्तै कुनै निर्णय गनुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता/सम्बन्ध रहेको भए सो कुरा।

(ख) यदि कुनै जनप्रतिनिधि वा कर्मचारीको निर्णय गर्नुपर्ने पक्ष वा विषयसँग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रक्रियामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देशन गर्नु पर्नेछ।

(ग) जनप्रतिनिधि वा कर्मचारीले कुनै विकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्नु हुँदैन।

**(२) सहभागितामूलक तथा पारदर्शी रुपमा नीति निर्माण र निर्णय गर्नेः**

(क) योजनाको छनौट, प्राथमिकीकरण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समूहको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्नेछ।

(ख) स्थानीय तहबाट निर्णय दिनुपर्ने विषयहरु, नियुक्ति वा सेवासुविधा दिने वा लिने विषयका कुराहरु पारदर्शी रुपमा गर्नु पर्नेछ।

(ग) स्थानीय तहका बैठकहरु आम जनताका लागि खुला गर्न उचित प्रक्रियाहरु निर्धारण गर्नु पर्नेछ।

(घ) निर्णय गर्दा कानूनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्छ। कानूनले समयावधि नतोकेको अवस्थामा विषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समयावधिभित्र निर्णय गर्नु पर्नेछ। तर कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्बिने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

६. **पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहणसम्बन्धी आचरणः** पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्बन्धमा देहायका आचारहरुको पालन गर्न वा गराउन प्रतिबद्ध रहँदैः-

(क) कानून बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार वा चन्दा लिनु हुँदैन। त्यस्तो सेवा वा सुविधा दिनका लागि बाध्य पार्न कुनै व्यवहार गर्न वा गराउन हुँदैन।

(ख) स्थानीय तहसँग कुनै खास विषयमा स्वार्थनिहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्रीव्यवहार र आमन्त्रण, भोजभतेर, खानपिन, मनोरञ्जन, बसोबास सुविधा, भाडा सुविधा आदि लिनु वा दिनु हुँदैन।

(ग) जनप्रतिनिधि वा कर्मचारीले आफ्नो स्थानीय तहलाई जानकारी नदिई कुनै व्यक्ति, संस्था वा निकायबाट दान, बक्सिस, चन्दा वा उपहार स्वीकार गर्न हुँदैन।

७. **सामुदायिक सङ्घसंस्था, निजी क्षेत्र, गैरसरकारी सङ्घसंस्था लगायतका विकासका साझेदारहरुसँगको साझेदारीः** विकासका साझेदारहरुसँग साझेदारी गर्दा देहायका आचारहरुको पालन गर्न प्रतिबद्ध रहँदैः-

(१) विकासका साझेदार निकाय (सामुदायिक सङ्घसंस्था, निजी क्षेत्र, गैरसरकारी सङ्घसंस्था आदि) सँग संस्थागत सम्बन्ध र समन्वय प्रबर्द्धन गरिनेछ। व्यक्तिगत लाभ/हानीका आधारमा व्यवहार गरिने छैन।

(२) विकासका साझेदार निकायसँग आफ्नो क्षेत्रभित्रको योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडि बढाइनेछ।

८. **निष्पक्षता, सम्मान र कदरपूर्ण व्यवहार सम्बन्धी आचरणहरुः** आफ्नो कार्यसम्पादन गर्दा निष्पक्षता, सम्मान र कदरपूर्ण रुपमा गर्न देहायका आचारहरुको पालन गरिनेछः-

(१) स्थानीय तहको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न प्रयत्नशील रहने।

(२) पदीय कर्तव्य निर्वाह गर्दा बाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आउने प्रभाव, प्रलोभन, दवाब, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कार्य सम्पादन गर्ने।

(३) आफ्नो पदीय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रतापूर्वक कार्य सम्पादन गर्ने वा गराउने।

(४) कार्य सम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव वा दबाबमा नगर्ने ता नपार्ने।

(५) प्रचलित कानूनले निषेध गरेको कुनै कार्य गर्न वा गराउन नहुने।

(६) कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाशन गर्न वा गराउन नहुने।

(७) काम निर्धारित समयभित्र सम्पादन गर्नुपर्नेछ। कानून बमोजिम सम्पादन गर्नुपर्ने काम समयभित्रै सम्पन्न नगरी आफूले गर्ने काम पन्छाउन वा पन्छाउन लगाउन पाइने छैन।

**९. अन्य आचरणहरुः** जनप्रतिनिधि तथा कर्मचारीका देहाय बमोजिम अन्य आचरणहरु हुनेछन्:

(१) आफ्नो सम्पत्तिको विवरण तोकिएको समयभित्र सम्बन्धित निकायमा बुझाई सार्वजनिक गर्नु पर्नेछ।

(२) स्थानीय तहको काममा कुनै प्रकारको असर पर्न सक्ने गरी वा संविधान र प्रचलित कानून विपरित हुने गरी स्थानीय तहको स्वीकृति बिना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्नु र आफनो परिवारको कुनै सदस्यलाई त्यस्तो विषय स्वीकार गर्न लगाउनु हुँदैन। विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा स्थानीय तहमा सो कुराको सूचना दिई निर्णय भए बमोजिम गर्नु पर्नेछ।

(३) स्थानीय तहको पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा मागन वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन।

(४) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको काम कार्बाहीमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफनो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन सञ्चार माध्यम वा सामाजिक सञ्जाल, रेडियो वा टेलिभिजनद्वारा प्रसारण गर्न वा गराउन हुँदैन।

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(६) मुलुकी देवानी संहिताको विहावारीको महलको विपरीत हुने गरी विवाह गर्न वा गराउन हुँदैन।

(७) विदेशी मुलुकको स्थायी बसोवास तथा डि. भी. आदिको लागि आवेदन गर्नु हुँदैन।

(८) पदीय मर्यादामा आँच आउने गरी कुनै समूह वा व्यक्तिसँग कानून विपरीत वार्ता गर्ने, सम्झौता गर्ने कार्य गर्न वा गराउन हुँदैन।

## परिच्छेद-३

## प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने आचारहरु

**१०. प्रचलित कानूनको पभावकारी कार्यान्वयनः**

(१) जनप्रतिनिधि तथा कर्मचारीले नेपालको संविधान, प्रचलित सङ्घीय तथा प्रदेश कानून, अदालतको निर्णय वा आदेश तथा कानून बमोजिम सङ्घ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्नु र सोको तत्परतापूर्वक प्रभावकारी कार्यान्यवन गर्नुपर्नेछ।

(२) जनप्रतिनिधि तथा कर्मचारीले प्रचलित कानून बमोजिम स्थानीय तहको बेरुजु तथा पेश्की फछ्र्यौटको कार्यमा तदारुकता लिनु वा बहन गर्नु पर्नेछ।

**११. अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण सम्बन्धी कानूनको कार्यान्वयनमा सहयोगः**

(१) जनप्रतिनिधि तथा कर्मचारीले प्रचलित कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग हुने किसिमका आचारहरु गर्न वा गराउन हुँदैन।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका आचारसंहिता, २०८०

(२) जनप्रतिनिधि तथा कर्मचारीले स्थानीय तहमा प्रचलित कानून बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्बन्धित निकायबाट हुने छानबिन, अनुसन्धान तथा जाँचबुझमा सहयोग गर्नु पर्नेछ।

(३) जनप्रतिनिधि तथा कर्मचारीले आफूले थाहा पाएको भ्रष्टाचार मानिने कार्यहरूको सूचना दिने र लिने गर्नु पर्दछ, त्यस्तो सूचना लुकाउन र लुकाउन सहयोग गर्न हुँदैन।

(४) भ्रष्टाचारबाट आर्जित सम्पत्तिको खोज तलास, रोक्का, स्थानान्तरण, नियन्त्रण, जफत एवं फिर्तासम्बन्धी कार्यमा सहयोग पुर्याउनु पर्दछ।

## १२. निर्वाचन आचारसंहिताको पालन गर्नुपर्नेः

(१) जनप्रतिनिधि तथा कर्मचारीले निर्वाचनका बखत पालन गर्नुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नु पर्नेछ। निर्वाचन आचारसंहिता विपरीत हुने गरी कुनै काम गर्नु गराउनु हुँदैन।

(२) जनप्रतिनिधि तथा कर्मचारीले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पालन गर्न/गराउन सहयोग गर्नुपर्नेछ।

(३) जनप्रतिनिधि तथा कर्मचारीले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचारप्रसार वा सोसँग सम्बन्धित प्रयोजनका लागि आफू वा अरु कसैबाट प्रयोग गर्न वा प्रयोग गराउनको लागि दिन हुँदैन।

## १३. आचारसंहिताको कार्यान्वयन तथा सार्वननिकीकरणका लागि आवश्यक व्यवस्था गनुर्पर्नेः

(१) आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गरिनेछः-

**(क) आचारसंहिता अनुगमन समितिको व्यवस्था गरिनेः** नगर सभाबाट नगर कार्यपालिकाको सिफारिसमा दफा १४ (१) बमोजिमको आचारसंहिता कार्यान्वयन समिति गठन गरिनेछ। सो समितिले नियमित रुपमा आचारसंहिता कार्यान्वयनको पक्षलाई सहयोग पुर्याई कार्यपालिकाको बैठकमा नियमित प्रतिवेदन दिनु पर्नेछ।

**(ख) अनुगमन समितिलाई सहयोग पुर्याउनु पर्नेः** पदाधिकारीले यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनु पर्नेछ।

(२) जनप्रतिनिधि तथा कर्मचारीले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही, पारदर्शी सेवा प्रवाहको प्रबन्ध गर्न देहाय बमोजिम गर्न/गराउन आवश्यक व्यवस्था गरिनेछ।

(क) नागरिक वडापत्र बमोजिम कार्य सम्पादन गर्नुपर्ने, नागरिक बडापत्र सम्बन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नु/गराउनु पर्नेछ।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको आचारसंहिता, २०८०

(ख) नगरपालिकाबाट नागरिक बडापत्रमा उल्लेख भए अनुसार छिटोछरितो सेवा प्रदान नभएमा सो उपर गुनासो सुनुवाई हुने र छानबिनबाट सेवाग्राहीले कुनै क्षती वा हैरानी व्यहोर्नु परेको देखिएमा पीडित पक्षलाई उचित उपचार र क्षतिपूर्ति उपलब्ध हुने व्यवस्था गर्नु/गराउनु पर्नेछ।

(३) जनप्रतिनिधि तथा कर्मचारीले आफू कहाँ आएको गुनासो तत्कालै सुन्ने व्यवस्था मिलाई फछ्र्यौट गर्नुपर्नेछ।

## परिच्छेद-४

## आचारसंहिताको पालन गर्ने/गराउने व्यवस्था

**१४. आचारसंहिता अनुगमन समिति**

(१) कुनै जनप्रतिनिधि वा कर्मचारीले यस आचारसंहिता तथा अन्य प्रचलित सङ्घीय, प्रदेश र स्थानीय कानून बमोजिम पालन गर्नुपर्ने आचारहरु उल्लङ्घन गरे/नगरेको सम्बन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि नगरसभाद्धारा गठित सुशासन समितिले नै आचारसंहिता अनुगमन समितिको रुपमा कार्य गर्नेछ । समितिको सदस्य-सचिवको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछन ।

(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सदस्य-सचिव माथि नै यस आचारसंहिताको उल्लङ्घनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो विषयको छलफल, जाँचबुझ तथा निर्णय प्रक्रियामा निज सहभागी हुन पाउने छैनन्।

(३) यस आचारसंहिताको संयुक्त रुपमा उल्लङ्घन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा सदस्य-सचिवमाथि कुनै उजुरी परेमा उक्त उजुरीलाई त्यसपछि बस्ने कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ र सोको छानविन गर्नका लागि कार्यपालिकाले छुट्टै समिति गठन गर्न सक्नेछ ।

**१५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकारः**

(१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) कुनै जनप्रतिनिधि तथा कर्मचारीले आचारसंहिता उल्लङ्घन गरे/नगरेको सम्बन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचबुझ तथा छानबिन गर्न सक्ने।

(ख) जाँचबुझ तथा छानबिनका सिलसिलामा सम्बन्धित व्यक्तिका नाममा म्याद/सूचना जारी गर्ने, निजको बयान गराउने र साक्षी प्रमाण बुझ्ने अधिकार हुने।

(ग) अनुगमन समितिका सदस्यहरुले स्थानीय तहको सिफारिस तथा आमन्त्रणमा स्थानीय तहको जुनसुकै बैठकमा उपस्थित भई आफ्नो कामका विषयमा जानकारी दिन सक्नेछन्।

ठाकुरबाबा नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीको आचारसंहिता, २०८०

(२) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाउँ, सामग्री तथा उचित वातावरण बनाइदिने जिम्मेवारी नगरपालिकाको हुनेछ।

**१६. अनुगमन समितिको बैठक तथा कार्यविधिः**

(१) अनुगमन समितिको कार्य सञ्चालन विधि देहायमा उल्लेख भएअनुसार हुनेछः

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(ग) अनुगमन समितिले कार्बाही गर्दा सम्बन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ।

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको विवरण सहितको राय प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोक्न सक्नेछ।

**१७. अनुगमन समितिका सदस्यहरुको सेवासुविधाः** आचारसंहिता अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**१८. उजुरीः**

(१) जनप्रतिनिधि तथा कर्मचारीले आचारसंहिता उल्लंघन गरेमा त्यस विषयमा अनुगमन समिति समक्ष जोसुकैले पनि उजुरी दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचार उल्लङ्घन गरेको हो ? सोको आधार/प्रमाण खुलाउनु पर्नेछ। नगरपालिकाले उजुरी फारामको नमूना बनाई सबैले सजिलै प्राप्त गर्न सक्ने स्थानमा राख्नु पर्नेछ।

(३) उजुरीको सम्बन्धमा कार्बाही माग गर्दा अनुगमन समितिले उजूरीकर्तासँग थप विवरण वा कागजात माग गर्न सक्नेछ।

**१९. गोप्य राख्नुपर्नेः**

(१) अनुगमन समितिले उजुरीवालाको विवरण गोप्य राख्नु पर्नेछ।

(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारीमाथि लागेको आरोपमाथि छानबिन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ।

**२०. जाँचबुझः**

(१) यस आचारसंहितामा उल्लिखित आचारहरुको उल्लंघन गरेको विषयमा अनुगमन समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कार्बाहीका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ। प्रतिवेदन पेश गर्नुपूर्व सो समितिले देहायका प्रक्रियाहरु पूरा गर्नु पर्नेछ।

(क) कुनै पदाधिकारीकाविरुद्ध आचारसंहिता उल्लङ्घन गरेको कुनै उजुरी परेकोमा वा जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्बाही गर्न आवश्यक छ वा छैन भनी जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(ख) जाँचबुझ गर्दा कुनै पदाधिकारी उपर कार्बाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाई पेश गर्न उचित मौका दिनु पर्नेछ।

(ग) सफाई पेश गर्ने मौका दिँदा सम्बन्धित पदाधिकारीविरुद्ध लागेको आरोप र त्यसका आधारहरु प्रष्ट गरी आवश्यक कार्बाहीका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

**२१. अनुगमन समितिको सिफारिस कार्यान्वयन गर्नुपर्नेः**

(१) अनुगमन समितिले यस आचारसंहितामा उल्लेखित कुराहरुको पालन भए/नभएको सम्बन्धमा आवश्यक राय, सुझाव तथा सिफारिससहित कार्यान्वयनका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदन तथा राय, सुझाव र सिफारिस उपर कार्यपालिकामा छलफल गरी आवश्यक निर्णयसहित कार्यान्वयन गर्नुपर्नेछ।

(३) आचारसंहिताको पालनाका विषयमा स्थानीय तहमा छलफल हुँदाका बखत सम्बन्धित पक्षका प्रतिनिधिहरुलाई सहभागी गराउन सकिनेछ।

**२२. आचारसंहिताको उल्लङ्घनमा सजायः**

(१) यस आचारसंहिताको कार्यान्वयन गर्दा नगर कार्यपालिकाबाट सजायको रुपमा देहायमा उल्लेखित एक वा सोभन्दा बढी प्रक्रियाहरु अपनाउन सकिनेछ।

(क) सम्बन्धित जनप्रतिनिधि वा कर्मचारीलाई सचेत गराउने।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने।

(ग) सार्वजनिक सुनुवाईका लागि सार्वजनिक गर्ने वा गराउने।

(घ) प्रचलित ऐन कानूनको उल्लङ्घन भएको अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कार्बाहीका लागि लेखी पठाउने।

(२) आरोपित पदाधिकारी माथि भएको कुनै पनि कार्बाहीका विषयमा निज कुनै राजनीतिक दलसँग आबद्ध भएको हकमा सम्बन्धित राजनीतिक दललाई जानकारी गराउनु पर्ने।

**२३. कार्बाहीको विवरण सार्वजनिक गर्नुपर्नेः** आचारसंहिताको कार्यान्वयनका सम्बन्धमा पदाधिकारी माथि भएको कार्वाहीको विवरण आम जानकारीका लागि स्थानीय तहको सूचना पाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ। सोको जानकारी राजनीतिक दलहरु, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारका सम्बन्धित विभाग/निकाय र स्थानीय प्रशासनलाई गराउनु पर्नेछ।

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०

## परिच्छेद-५

## विविध

२४. **आचारसंहिताको पालन गर्नु सबैको कर्तव्य हुनेः** यो आचार संहिताको पालना गर्नु जनप्रतिनिधि तथा कर्मचारीहरुको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अङ्गको रुपमा रहनेछ।

२५. **सबै जनप्रतिनिधि तथा कर्मचारीलाई आचारसंहिताको जानकारी दिनुपर्नेः** यो आचारसंहिता स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई हस्ताक्षर गराई लागू गर्नु पर्नेछ।

२६. **सरोकारवालाहरुलाई आचारसंहिताको जानकारी उपलब्ध गराउनुपर्नेः** जनप्रतिनिधि तथा कर्मचारीको आचारसंहिता, समय-समयमा आचारसंहितामा भएको संशोधनको विवरण तथा आचारसंहिताको कार्यान्वयनका विवरणहरुको जानकारी वार्षिक रुपमा स्थानीय तहका राजनीतिक दलहरु, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकारका सम्बन्धित निकायलाई गराउनु पर्नेछ।

२७. **आचारसंहिताको कार्यान्यनमा राजनीतिक दलको सहयोगः**

(१) कुनै कर्मचारी र पदाधिकारीबाट यस आचारसंहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेको आरोप तथा सो सम्बन्धमा सिफारिश भएको कार्वाहीको बिबरण समेत सम्बन्धित पदाधिकारी सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनुका साथै सार्वजनिक समेत गर्नु पर्नेछ।

(२) जाँचवुझका आधारमा पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिसको कार्यान्वयन गर्ने वा सचेत गराउने काममा सरकारी निकाय एवं राजनीतिक दलहरुको सहयोग लिन सकिनेछ।

२८. **आचारसंहितामा संशोधनः**

(१) स्थानीय तहको कार्यपालिकाबाट आचारसंहितामा संशोधन गर्न सकिनेछ।

(२) आचारसंहितामा भएको संशोधनको जानकारी सम्बन्धित सबै पदाधिकारी, कर्मचारी, तथा सरोकारवालाहरुलाई दिनुपर्नेछ।

(३) निर्वाचन आचारसंहितामा संशोधन भएका खण्डमा आम जनताको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ।

(४) नगरपालिकाले आफ्नो स्थानीय विशिष्ठता, कार्य प्रकृति र आवश्यकता अनुसार यस आचारसंहितामा आवश्यक संशोधन गर्न वा समय समयमा थप व्यवस्था समावेश गरी लागू गर्न सकिनेछ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता, २०८०